# राष्ट्रिय मानव अधिकार आयोग
# National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


राष्ट्रिय मानव अधिकार आयोग नेपाल

## प्रेस विज्ञप्ति

२०७६/८/१७

### अपाङ्गमैत्री वातावरण निर्माण गर्न आग्रह ।

राष्ट्रिय मानव अधिकार आयोगले अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको संरक्षण र संवर्द्धनको विषयमा निरन्तर काम गर्दै आइरहेको छ । २०७५ सालमा सातै प्रदेश तथा केन्द्रमा यस विषयमा गोष्ठी, अन्तरक्रिया र सम्मेलन समेत गरी तीनै तहका सरकार, अन्तर्राष्ट्रिय समुदाय, सम्बन्धित संघ संस्था र आम सञ्चार माध्यमलाई विभिन्न सिफारिश गरेको सबैमा अवगतै छ । नेपाल अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धि, २००६ को सन् २०१० मा पक्ष राष्ट्र भइसकेको हुँदा ती महासन्धिका प्रावधान अनुशरण गर्ने कर्तव्यबाट हामी विमुख हुन सक्दैनौं । नेपालको संविधान तथा ऐन, कानूनहरुले समेत अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सुनिश्चित गरेको छ ।

आयोगले अनुसन्धान, अनुगमन, अध्ययन, सम्मेलन लगायतका कार्य गरी प्राप्त तथ्यका आधारमा नेपाल सरकारलाई विभिन्न समयमा शहरी क्षेत्रका सबै सडक, भवन तथा अन्य भौतिक संरचनाहरु अपाङ्गमैत्री हुने गरी निर्माण गर्न, अपाङ्गता भएका व्यक्तिको परिचय पत्र नियमित र व्यवस्थित रुपमा प्रदान गर्न, अपाङ्गता भएका व्यक्तिहरुको यकीन तथ्यांक संकलन गरी सोही अनुरुपको नीति, कार्यक्रम तथा वजेटको व्यवस्था गर्न, अपाङ्गता भएका व्यक्तिहरुलाई समावेशिताको सिद्धान्त अनुरुप अर्थपूर्ण र सार्थक सहभागिताको वातावरण बनाउन र अपाङ्गता भएका व्यक्तिहरुको आत्म सम्मानमा चोट पुर्‍याउने कुनै शब्द प्रयोग नगर्न सिफारिश गरेको तर्फ पुनः ध्यानाकर्षण गराउछौं । साथै शिक्षा, स्वस्थ्य, रोजगारी लगायतका क्षेत्रमा पहुँच कायम गरी उनीहरुको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुको संरक्षण र संवर्द्धन गर्न समेत नेपाल सरकार तथा सबै सरोकारवाला निकायहरुलाई आयोगले यस अघि नै सिफारिश गरेको छ ।

आफ्ना सिफारिशहरु कार्यान्वयनको स्थिति बारेमा आयोग गम्भीर छ । अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकारका प्रश्नमा अझै समस्यामा रहिरहनु उपयुक्त नभएको विषयमा संघीय, प्रदेश तथा स्थानीय तहका सरकार लगायत सम्बन्धित सबैको आयोग पुनः ध्यानाकर्षण गराउँदछ । साथै आयोगले गरेका सिफारिश नेपाल सरकार लगायत सबै सरोकारवाला निकायहरुबाट पूर्ण रुपमा कार्यान्वयन हुनेमा आयोगले विश्वास लिएको छ ।

विश्वले हरेक वर्ष तीन डिसेम्बरको दिनलाई अन्तर्राष्ट्रिय अपाङ्ग दिवसको रुपमा मनाउँदै आएको छ । आजको अन्तर्राष्ट्रिय अपाङ्ग दिवसको उपलक्ष्यमा आयोगले सबैलाई हार्दिक शुभकामना व्यक्त गर्दछ । साथै अपाङ्गमैत्री वातावरण निर्माण गरी मानव अधिकारको संरक्षण र परिपालन गर्न आयोग सरोकारवाला सबै पक्षहरु सँग पुनः आग्रह गर्दछ ।

वेदप्रसाद भट्टराई
सचिव/प्रवक्ता


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal
Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org